कृषकका लागि सूझाव पत्र

तयार पारिएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, 2020

# आलुबाली समुहको पछौटे डढुवा रोग व्यवस्थापन

## समस्याको बारेमा जानकारी

यो रोग आलुबाली समुहको बालीहरुमा मख्यतया आलु र गोलभेंडा बालीमा लाग्दछ । विरुवाको विभिन्न भागहरुमा यो रोग लाग्दछ । शुरुमा पातमा खैरो कालो सानो दाग देखा पर्दछ । पछि रोग छिटै फैलिएर पात र डांठको ठुलो भाग ढाक्दछ । पछि गोलभेंडा बाली को फलमा वा आलुको दानामा पनि यस्को आक्रमण हुन्छ । यसले कहिले काही ८० प्रतिशत भन्दा बढी क्षती पुर्याउँदछ । भण्डारमा धेरै आलु कुहिन्छ । रोगको प्रकोप बढे पछि नियन्त्रण गर्न गाह्रो हुन्छ ।

## पृष्ठभूमि

बढि तापक्रम, बादल लागेको वा हल्का पानी परेका र बढि आर्दता (हावाको ओसिलोपना) भएको वेला यसको प्रकोप तथा फैलने प्रकृया बढि हुन्छ । रोगी बीउ रोपेमा रोग छिटो देखा पर्दछ ।

## व्यवस्थापन

- पुरानो वोटका अवशेष, नाभो विरुवा तथा झारपातहरु हटाइ खेत सफा राख्ने ।
- रोग अवरोधक वा सहन सक्ने जात जस्तै खुमल लक्ष्मी, जनकदेव, आइ पी वाई लगाउने
- निरोगी तथा उचित तौल र आकारको (२५-४० ग्राम) बीउ छनौट गरी प्रयोग गर्ने ।
- लगाउने समय, स्थान र मौसम अनुसार प्रकोप छल्नका लागि केहि छिटो वा ढिलो गर्ने ।
- बालीमा सिफारिस अनुसारको सन्तुलित मलखाद प्रयोग गर्ने
- पाकेको गोवरमल प्रति रोपनी १ मे.ट. मा २.५ के.जी ट्राइकोडर्मा जैविक ढुसीनाशक मिसाई प्रयोग गर्ने
- बालीचक्रमा गोलभेडा, भण्टा, खुर्सानी बाहेकका बाली समावेश गर्ने ।
- बालीको निरिक्षण नियमित गर्ने र रोग देख्ना साथ व्यवस्थापनका उपाय अपनाउने ।
- विरुवा उम्रेको एक हप्तामा उकेरा लगाउदा रोग नियन्त्रण गर्न मद्दत गर्दछ ।
- रोग देखिना साथ कपर अक्सीक्लोराइड ५०% डब्लु.पी. २.५ ग्राम वा म्यान्कोजेव ७५% डब्लु.पी. २.५ ग्राम वा क्लोरथालोनील ५०% डब्लु.पी. १.५ ग्राम प्रति लिटर पानीको दरले पातको दुवै तर्फपर्ने गरी छर्ने ।
- मेटालेक्सील ८% +म्यान्कोजेव ६४५ डब्लु.पी. २.५ ग्राम वा डाइमेथोमर्फ ५०% डब्लु.पी १.५ ग्राम . वा फेनामिडन १०% + म्यान्कोजेव ५०% डब्लु.पी २.५ ग्राम वा एजोक्सीट्रोबिन २३% एस.सी. १ एम. एल. प्रति लिटर पानीको दरले स्प्रे गर्ने ।

□□□□□□□□□□ □□□ > *Phytophthora infestans*

The recommendations in this factsheet are relevant to: संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल

लेखक: नथुनी साहु
क्षेत्रीय वाली संरक्षण प्रयोगशाला
*Email: hariombapujee@gmail.com*

Edited by Plantwise.

Plantwise is a global initiative led by CABI

*Lose Less, Feed More*

©CAB International. Published under a CC-BY-SA 4.0 licence.